# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाण्डौ

मिति: २०७४/०१/२८ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

जिल्ला महोत्तरी सोनमा गाउँपालिका वडा नं.६, ७ र ८ का वडा सचिव (नायव सुब्बा) शुभाष पौडेलले निर्वाचन क्षेत्रीय पुर्वाधार विशेष कार्यक्रम कोषको रकमबाट जिल्ला महोत्तरी स्थित सुन्दरपुर-३ कतरवा टोलदेखि त्रिलोकीनाथ मन्दिरसम्म सडक विस्तार कार्य सम्पन्न भईसकेकोले उक्त योजनाको सामाजिक लेखापरिक्षणको अनुसूचि १३ मा सही गर्ने प्रयोजनको लागी सेवाग्राहीसंग घुस रकम माग गरि रू.१५,०००।- (पन्ध्र हजार) घुस रकम लिईसकेको अवस्थामा निजलाई नियन्त्रणमा लिई अनुसन्धान हुदाँ निज नायव सुब्बा शुभाष पौडेलले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) बमोजिमको कसुर गरेको देखिएकोले निज राष्ट्रसेवक सचिव (नायव सुब्बा) शुभाष पौडेल उपर रू.१५,०००।- (पन्ध्र हजार) विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र सोही दफा र उपदाफाको देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज बिशेष अदालत काठमाण्डौमा आरोप-पत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता